कान्तिपुर

# शुक्रबार

www.ekantipur.com

कान्तिपुरको शुक्रबार परिशिष्टाङ्क

१३ जेठ २०६८

भित्र

दोस्रो पुस्ता
हामी किन आत्तिनु ?
पेज III



छलफल
खै संविधान ?
पेज II/III



## सडक बहस



दिनेश वाग्ले

पछिल्लो समय संविधान कसरी लेखिन्छ भन्ने जानकारी नभएका मानिसहरूको अगुवाइमा व्यापक रूपमा राजनीतिक नेतृत्वप्रति असन्तुष्टि प्रकट गरिएको पाइन्छ जसले समग्र लोकतान्त्रिक प्रणालीप्रति जनतामा वितृष्णा फैलाइरहेको छ ।

# संविधान



सौरभा



दिलीप

> नेता सत्ता लुछाचुँडीका लागि लडे भन्नेले के बुझ्नुपर्छ भने सत्ता पनि संविधानलेखनको एउटा भाग हो ।



दीपा

संविधान की बोडी ?

'बोडी नि,' दीपाले भनिन्- 'यो भए खान पाइन्छ, संविधानले के पाइन्छ ?'

दीपाले बोडीलाई आधा-आधा किलोमा बाँडेर मुठा पारिरहँदा उनलाई व्यवधान पुर्‍याउने गरी दुई झुन्ड मानिसहरू काठमान्डुको नयाँ बानेश्वरस्थित संविधानसभा भवन अगाडि 'संविधान देऊ' भन्दै कराइरहेका थिए । कोही गीत गाउँदै थिए, कोही कागको स्वर निकाल्दै थिए । सबैलाई संविधान चाहिएको थियो तर दीपाको त्यो क्षणको प्राथमिकता अर्कै थियो ।

त्यसो भए तपाईंलाई संविधान चाहिँदैन ?

'चाहिन्छ,' उनले भनिन्- 'तर त्यसले मलाई आज बेलुका खान देला ? दिन्छ भने चाहिन्छ ।'

त्यसो भए 'संविधान चाहियो' भन्दै आएका यी मानिसहरू देख्दा तपाईंलाई के लाग्छ ?

'कुरो यसो नि,' उनले भनिन्- 'पढे-लेखेका मान्छेलाई संविधानले जागिर दिन्छ होला । त्यसैले उनीहरूलाई त्यसको चासो होला । तर यिनीहरूले मेरो तरकारी किन्दैनन् । अनि मलाई के भयो ?'

दीपा खतिवडा । उमेर ३४ । घर सुनसरी । हालको बसोबास बिजुलीबजार, काठमान्डु । दुई स-साना स्कुले छोराछोरीकी आमा । छोराछोरीका बाबु साउदी अरेबियामा पसिना बगाइरहेका छन् बितेका दुई वर्षयता । ७० हजार जति ऋण लिएर उनी त्यता गएका थिए, त्यो तिरिसकियो । यसपालि असोजमा उनी फर्किने आसमा छिन् दीपा ।

यता, उनको व्यापारमा अवरोध पुर्‍याउनेलाई चाहिँ संविधान बन्ने आस छैन । शनिबार ठ्याक्कै तीन वर्ष हुँदैछ, संविधानसभा चुनिएको- संविधान लेख्नलाई । निर्वाचित सभासदहरूले सुरुका दुई र थपिएको एक वर्षमा पनि त्यो लेख्न नसकेपछि त्यो छिट्टै र सर्वस्वीकार्य बनोस् भनेर दबाब दिन बितेका केही सातायता कतिपय मानिसहरूले विरोध/दबाब कार्यक्रम गरेका छन् । समय सकिन एक महिनाभन्दा कम छँदाका दबाब कार्यक्रमको प्रभावकारितामा प्रश्न गर्न सकिन्छ । तर (त्यो एउटा ठूलो 'तर' हो) त्योभन्दा महत्त्वपूर्ण कुरा धेरैजसो विरोधकर्तालाई आफूले किन विरोध गर्दैछु भन्ने थाहा छैन ।

'किन विरोध गरेको ?' भनी कसैलाई सोध्नुस्, फुत्त उत्तर आउँछ- 'संविधान चाहियो । यी नेताले गर्न सकेनन् ।'

'यी नेताले किन गर्न नसकेको, थाहा छ ?'

'छैन,' उत्तर आउँछ- 'तर यिनीहरू कुर्सीका लागि लडे ।'

कति सजिलो छ, जवाफ दिन । सबै दोष नेतालाई, आफू पानीमाथिको ओभानो । आफू भन्नाले हामी जनता । मानौं नेता भनेका चन्द्रमाबाट फुत्त ओर्लिएका कोही अलग्गै प्राणी हुन् ।

संविधान लेखन ठ्याक्कै कहाँ पुगेर किन अड्किएको हो, थाहा छ ? केही दिनअघि नयाँ बानेश्वरमा भेटिएका दुई विरोधकर्तासँग र दुई दर्शकहरूलाई मैले सोधें । कसैलाई थाहा थिएन । सबैलाई थाहा छ, संविधान चाहिन्छ । सबैलाई थाहा छ, नेताले गर्दा संविधान आउन सकेन । कसैलाई थाहा छैन, संविधान लेख्न ठ्याक्कै केले रोकेको छ ।

'म्याजिकल चेन्जेज (जादूमयी परिवर्तनहरू) त ल्याउँदैन मेरो जीवनमा संविधानले,' दीपाको तरकारी स्टलभन्दा अलि पर एउटा पालमुनि विरोध प्रदर्शनमा रहेका केही महिलाहरूप्रति ऐक्यबद्धता जनाइरहेकी सौरभा सुवेदीले भनिन्- 'तर लङ टर्म (दीर्घकाल) मा यसले हाम्रो जीवनमा परिवर्तन ल्याउँछ ।'

कुरा सही हुन् सौरभाका । काठमान्डुको एउटा एनजीओमा काम गर्ने, संविधानसभा चुनावमा भोट हालेकी र हालै निर्वाचन आयोगमा दर्ता भएर मतदाता परिचयपत्र बनाउन तस्बिर पनि खिचाएकी ३० वर्षे युवतीले संविधानले दीर्घकालमा विशेषतः महिला र अन्य क्षेत्रलाई बढी अधिकार प्रदान गर्दै देशलाई उन्नतिको बाटोतिर लाने आशा गरेकी छन् । उनलाई थाहा छ, संविधान जादूको छडी होइन, यसले रातारात गरिब मानिसहरूलाई धनी बनाउने या नेपाली पहाडहरूमा सडक खनिदिने होइन । तर हालैका महिना र वर्षहरूमा हामीमाझ संविधानप्रति यस्तरी आशा बढेको छ मानौं संविधानले ठ्याक्कै ती सबै काम गरिदिन्छ । अनि संविधान कसरी लेखिन्छ भन्ने जानकारी नभएका मानिसहरूको अगुवाइमा व्यापक रूपमा राजनीतिक नेतृत्वप्रति असन्तुष्टि प्रकट गरिएको छ जसले समग्र लोकतान्त्रिक प्रणालीप्रति जनतामा वितृष्णा फैलाउन योगदान दिइरहेको छ ।

'मेरो भनाइ के भने दुई वर्षको अवधि लिएपछि दुई वर्षमै बनाउनुपर्थ्यो,' रत्नराज्य क्याम्पसमा आईए दोस्रो वर्षका विद्यार्थी १८ वर्षे दिलीप तामाङले भने, 'सकिँदैन, पाँच वर्ष लाग्छ भने सुरुमै पाँच वर्षका लागि संविधानसभा भन्दिया भए हुन्थ्यो ।'

संविधानलाई 'नागरिकलगायत समाजलाई बन्धनमा राख्ने तर अधिकार दिने' दस्तावेज ठान्ने उदयपुरका यी युवा प्रहसन गर्छन् र कलाकारहरूको दबाब कार्यक्रममा उपस्थिति जनाउन कसैले आग्रह गरेपछि उनी गत साता नयाँ बानेश्वर पुगेका थिए । धेरै जस्तै उनी पनि नेताहरूप्रति असन्तुष्ट छन् तर हत्तपत्त संविधान लेख्न नसकेको दोष नेताहरूलाई दिइहाल्ने मनस्थितिमा छैनन् । 'सबैको जोस सेलाउनुपर्ने हुन्छ,' उनले भने, 'सबैले गल्नुपर्ने हुन्छ ।' सबै पार्टीहरू आन्दोलन/युद्ध गरेर आएका र सबैको आ-आफ्नै (र, अर्काको भन्दा फरक) विचार/दर्शन भएकाले ती सबै मिल्न समय लाग्ने कुरा आफूले बुझेको दिलीपले बताए । 'वैचारिक द्वन्द्व हुन्छ,' उनले भने, 'छलफल गर्न समय लाग्छ । तर (संविधान) संयुक्त रूपमै आउनुपर्छ । पार्टीका अडान सबै मिलाएर राज्यलाई उपयुक्त हुनेखालको कुरा समेटिनुपर्छ ।'

कुरा सही हुन् । पार्टीका अडान भनेका जनताका अडान हुन्, मतदाताका अडान हुन्, ती विरोधकर्ताका पनि अडान हुन् यदि तिनले चुनावमा भोट हालेका थिए भने (उमेर पुगेर पनि मत हालेका थिएनन् भने तिनलाई फेरि विरोध गर्ने अधिकारै कहाँ हुन्छ र ? दिलीपको चाहिँ उमेरै पुगेको थिएन ।) । नेता सत्ता लुछाचुँडीका लागि लडे भन्नेले के बुझ्नुपर्छ भने सत्ता पनि संविधान लेखनको एउटा भाग हो । जो सत्तामा जान्छ, उसका विचार बढी प्रभावी ढंगमा सुनिन्छन् । अनि को चाहँदैन संविधानमा आफ्ना विचार स्थापित गर्न ? फेरि नेपालमा जनता आफैंचाहिँ एक छैन र ? एक करोड ७ लाख ३७ हजार ७८ मतदाताले २१ वटा पार्टीलाई संविधानसभामा पुर्‍याएका होइनन् र ? तीमध्ये कसैले कार्यकारी राष्ट्रपति हुनुपर्छ भन्ने पार्टीलाई भोट हालेका छन् कसैले 'हैन, राष्ट्रपति सेरेमोनियल, प्रधानमन्त्रीचाहिँ कार्यकारी' भन्ने पार्टीलाई । कसैले जातीयतामा आधारित संघीयता हुनुपर्छ भन्नेलाई भोट हालेका छन् कसैले 'हैन, त्यसो गर्दा समाजमा विग्रह पैदा हुन्छ' भन्ने पार्टीलाई जिताएका छन् । त्यसैले कुनै संविधानसभा सदस्यले कार्यकारी राष्ट्रपतिको वकालत गर्ला अर्कोले कार्यकारी प्रधानमन्त्रीको । त्यसो नगरे फेरि ती मतदाता (अर्थात् जनता) ले उनीहरूलाई 'हामीलाई झुक्याउने ? भोट माग्दा एउटा कुरा गर्ने, जितेपछि अर्को ?' भन्ने आरोप लाउँदैनन् र ? केही वर्षअघि दिलीप र उनका मिल्ने साथी बलराज राईको झगडा पर्‍यो । कुटाकुट र भनाभन त भएको होइन । दुवैले हाट जाने योजना बनाएका थिए । भोलिपल्ट एकअर्कालाई थाहै नदिई दुवै गएनन् । दुवैले एकअर्कालाई झुक्याएजस्तो भयो । आपसमा शंका भयो । अनि दुवै एकअर्कासँग बोलेनन् । 'मलाई पीडा भयो,' दिलीपले भने, 'अनि (अरू) साथीहरू लाउनुपर्ने भयो (मध्यस्थता गर्न) ।' धन्न, दिलीपको त्यो प्रयासको २४ घन्टाभित्रमा दुवैका सहमित्रहरूको सहयोगमा उनी र बलराज पुनः साथी भए ।

नैतिक शिक्षा ? सहमति र मित्रताका लागि दुवै (सबै) पक्षको चाहना र समझदारी चाहिन्छ । तर संविधान लेखन दिलीप र बलराजको जस्तो झगडा पनि त होइन । शान्ति छाउनुपर्छ, विकास गर्नुपर्छ भन्नेमा सबै सहमत छन् तर त्यो कसरी गर्ने भन्नेमा तीन करोड नेपालीका चार करोड विचार छन् । तिनको समायोजन गर्न समय नलाग्ने कुरै भएन । सूक्ष्म रूपमा हेर्ने हो भने बितेका तीन वर्षमा संविधान लेखनमा व्यापक प्रगति भएका छन्, कम्तीमा आपसमा मारकाट गरेका दलहरू एकैथलोमा बसेर छलफल गरिरहेका छन्, सुरुवाती दिनमा उनीहरूबीच रहेका फराकिला वैचारिक खाडलहरू पुरिँदै छन्, सहमतिको नजिक पुगेका छन् । उनीहरू र समाजका अन्य संगठनहरूमा पनि परिपक्वता छाएको छ । र, यो परिपक्वताले सर्वस्वीकृत संविधान बनाउन झन् योगदान पुर्‍याउन सक्छ ।

dinesh@wagle.com.np

